खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# खोटेहाङ गाउँपालिका

## कृषक सञ्जाल कार्यान्वयन कार्यविधि-२०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।२४

**प्रस्तावना**

खोटेहाङ गाउँपालिकामा रहेका व्यवसायिक कृषकहरु, कृषक समूहहरु, कृषि सहकारी लगायत सरोकारवाला व्यक्ति तथा संस्थाहरुको वडा स्तरीय र पालिका स्तरीय संस्थाको गठन र सक्रियताले यस गाउँपालिकाले अगाडि सार्ने कृषि सम्बन्धि नीति र कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने, सम्बन्धित टोल विकास संस्थाहरुमा कृषक सञ्जालमा आवद्ध कृषि अभियन्ताको सक्रिय र प्रभावकारी उपस्थितिले टोल-टोलबाट कृषि सम्बन्धि प्रभावकारी कार्यक्रमहरु माग भई आउने र आएका कार्यक्रमहरु छनौट भएको खण्डमा सम्बन्धित टोल विकास संस्थाहरुलाई उद्देश्य मुताविक उक्त कार्यक्रम कार्यान्वयन गराउन प्रभावकारी भूमिका निर्वाह हुने, उत्पादित कृषिजन्य वस्तुहरुको संकलन, प्रशोधन र बजारीकरणमा समेत टेवा पुग्ने कुरालाई मध्यनजर गर्दै खोटेहाङ गाउँपालिकामा यो कार्यविधि जारी गरी लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:-**

(क) यस कार्यविधिको नाम कृषक सञ्जाल कार्यान्वयन कार्यविधि-२०८० रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२) परिभाषा:**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास तथा पशु सेवा शाखालाई बुझ्नु पर्छ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ।

(ङ) **"कृषक सञ्जाल"** भन्नाले यस कार्यविधि अनुसार गाउँपालिका तथा वडाहरुमा गठन भएको समितिलाई बुझ्नु पर्दछ।

(च) **"कषि अभियन्ता"** भन्नाले वडा तथा पालिका स्तरमा गठन भएको कृषक सञ्जालमा आवद्ध सदस्यहरुलाई बुझ्नु पर्दछ।

**३) कार्यक्रम सञ्चालनको उद्देश्य:**

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको हुने छ।

(क) वडा तथा पालिकामा कृषकहरुको हितको लागि साझा संस्था स्थापना गरी क्रियाशिल बनाउने।

(ख) हरेक टोलहरुबाट किसानको माग, आवश्यकता र अवस्थाको तथ्यगत रिपोर्ट प्राप्त गरी कार्यक्रमहरु बनाउने र प्रभावकारी कार्यान्वयको लागि भूमिका खेल्ने।

(ग) किसानहरुलाई सामुहिकता तर्फ अग्रसर गराउने।

(घ) कृषिजन्य वस्तुहरुको उत्पादन, मूल्य अभिवृद्धि, प्रशोधन र बजारीकरणमा टेवा पुर्याउने।

## परिच्छेद-२
## सञ्जाल गठन प्रक्रिया

### ४) वडा स्तरीय कृषक सञ्जाल :

वडा स्तरीय कृषक सञ्जाल देहाय बमोजिम गठन हुने छ ।

४.१) जुन वडामा कृषक सञ्जाल गठन हुने हो, सो वडाले कम्तीमा ७ दिन अगाडि सार्वजनीक सूचना प्रकाशन गरी हरेक टोल विकास संस्थाबाट १ जना महिला सहित कम्तीमा ३ जना अगुवा, अनुभवी तथा व्यवसायीक कृषकहरुलाई प्रारम्भिक भेला बोलाउनु पर्ने छ ।

४.२) उक्त भेलामा वडाध्यक्ष सहित सबै सदस्यहरु र वडा सचिव समेत उपस्थित हुनुपर्ने छ ।

४.३) भेलामा पालिका स्तरीय कृषि विकास समितिको तर्फबाट वडा स्तरीय कृषक सञ्जाल गठन प्रक्रिया, सञ्जाल गठनको उदेश्य, सञ्जालको काम, कर्तव्य र अधिकार, वडाको दायित्व तथा कृषिको व्यवसायिकरणको अवस्था एवं सम्भावना आदिको बारेमा प्रशिक्षणात्मक कार्यक्रम सम्पन्न गर्नु पर्ने छ ।

४.४) प्रशिक्षण सम्पन्न भए पश्चात सहमतिको आधारमा सबै टोल विकास संस्थाहरुबाट १-१ जनाको प्रतिनिधित्व हुने गरी तपशिल बमोजिमको वडा स्तरीय कृषक सञ्जाल गठन हुने छ।

तपशिल:

| | |
|---|---|
| संयोजक | १ |
| सह संयोजक | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ५ देखि ७ |

पुनश्चः

वडा स्तरीय कृषक सञ्जालमा संयोजक, कोषाध्यक्ष र सचिव मध्ये कम्तीमा १ जना महिला अनिवार्य हुनु पर्ने भने सञ्जाल भित्र ३५% महिलाको अनिवार्य सहभागिता हुनुपर्ने छ ।

### ५) कृषक सञ्जालका सदस्यहरुको न्यूनतम् योग्यता

वडा स्तरीय कृषक सञ्जालको सदस्यहरुको न्यूनतम् योग्यता देहायबमोजिम हुनुपर्ने छ ।

५.१) कम्तीमा १८ बर्ष पुगेको र ६५ बर्ष ननाघेको सम्बन्धित वडामा बसोबास गर्ने व्यक्ति ।

५.२) कम्तीमा ५ रोपनी जमिनमा व्यवसायिक खेती गरिरहेको, कृषि सँम्बन्धि तालिम लिएको कृषक

५.३) कुनै पनि सरकारी कार्यालयमा कार्यरत नरहेको ।

५.४) सामाजिक सञ्जाल वा इमेल-इन्टरनेट चलाउन सक्ने ।

५.५) स्वयंसेवी भावना भएको ।

### ६) वडा स्तरीय कृषक सञ्जाल सल्लाहकार तथा निर्देशक समिति

वडा स्तरीय कृषक सञ्जाललाई आवश्यक सल्लाह तथा निर्देशन दिन तपशिल बमोजिमको वडा स्तरीय सहल्लाहकार वा निर्देशक समिति हुनेछ ।

संयोजक- वडाध्यक्ष वा निजले तोकेको निर्वाचित वडा सदस्य

सदस्य :-सम्बन्धित वडा हेर्ने कृषि तथा पशु विकास प्राविधिक

सदस्य :-वडामा रहेका अगुवा तथा अनुभवी मध्येको १ जना कृषक

**७) वडा स्तरीय कृषक सञ्जालको कार्यसमिति छनौट समिति**

वडा स्तरीय कृषक सञ्जालको कार्यसमिति छनौट वा निर्वाचित गर्न देहाय बमोजिमको समिति निर्माण हुनेछ ।

संयोजक: सम्वन्धित वडाको वडाध्यक्ष

सदस्य: कृषि विकास समितिबाट प्रतिनिधित्व गर्ने व्यक्ति

सदस्य: सम्बन्धित वडा कार्यक्षेत्र भएको कृषि वा पशुविकास प्राविधिक

**८) वडा स्तरीय कृषक सञ्जालको काम, कर्तव्य र अधिकार :**

वडा स्तरीय कृषक सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

८.१) वडामा रहेका कृषक, कृषक समूह, कृषि सहकारी, नीजि तथा साझेदारी फर्म र सरोकारवालाहरुसँग समन्वय गरी वडा स्तरमा कृषि विकासको योजना तयारी गर्ने । तयार पारिएका योजनाहरु वडा कार्यालय, पालिका स्थित कृषि विकास समिति तथा सरोकारवाला निकायहरुमा पेश गर्ने कृषक समूह, कृषि सहकारीको गठनको लागि सहयोग पुर्याउने ।

८.२) वडामा रहेका कृषक, कृषक समूह, कृषि सहकारी, नीजि तथा साझेदारी फर्म र सरोकारवालाहरुलाई सूचना संप्रेशषण गर्ने तथा उनीहरुको समस्या, आवश्यकता र अवस्थाको बारेमा वडा तथा सरोकारवाला निकायहरुमा सूचित गर्ने ।

८.३) वडा स्तरमा सञ्चालन भैरहेको कृषि सम्बन्धि कार्यक्रमहरु सम्पन्न गर्न सहयोग पुर्याउने तथा कार्यक्रमहरुको अनुगमन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

८.४) व्यवायिक कृषि उत्पादनको लागि कृषकहरुलाई उत्प्रेरित गर्ने ।

८.५) गोठेमल सुधार, पशुमुत्र संकलन र प्रयोग, जैविक विषादी निर्माण र प्रयोग, भर्मिङ कम्पोष्ट उत्पादन र प्रयोगलाई जोड दिंदै राशायनिक मल र बिषादीको प्रयोगलाई न्यूनिकरण गर्न किसानहरुलाई उत्प्रेरित गर्ने ।

८.६) वडा स्तरको बालीवस्तुको अध्यावधिक गर्ने । कृषक सूचिकरणमा सहयोग पुर्याउने ।

८.७) पालिका स्तरीय कृषि विकास समितिलाई नीतिगत रुपमा सुझाव प्रदान गर्ने ।

८.८) वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कोसेली घर आदिको स्थापना, सञ्चालन तथा संरक्षण गर्ने ।

८.९) वडा तथा पालिकाबाट कृषि सम्बन्धि कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

**९) कृषक सञ्जालको बैठक**

कृषक सञ्जालको बैठक सामान्तया त्रैमासिक १ पटक बस्ने छ ।तर आवश्यकताको आधारमा बैठक बस्न सकिने छ ।

**१०) सञ्जाल कार्य समितिको दर्ता**

वडा स्तरीय कृषक सञ्जालको दर्ता पालिका स्थित कृषि शाखामा गरिने छ । सञ्जाल दर्ताको लागि निवेदन (अनुसूची-१), आधिकारिक भेलाको निर्णयको प्रतिलिपि, सबै

सदस्यहरुको नागरिकताको प्रतिलिपि, २ प्रति फोटो र सम्बन्धित वडाको सिफारिस संलग्न गराउनु पर्नेछ। दर्ता गरिएपछि प्रमाणपत्र (अनुसूची-२) उपलब्ध गराइने छ।

**११) सञ्जालको कार्य समितिको पदावधि**

वडा स्तरीय कृषक सञ्जालको पदावधि २ बर्षको हुने छ। नयाँ कार्य समितिको चयन पुरानै प्रक्रियाद्धारा हुनेछ।

## परिच्छेद-३
## कृषि अभियन्ता सम्बन्धि व्यवस्था

**१२) कृषि अभियन्ताको परिभाषा**

यस कार्यविधि अनुसार वडा स्तरमा गठन हुने कृषक सञ्जालका पदाधिकारीहरुलाई कृषि अभियन्ता भनिने छ। सामान्यतया स्वयं आफू पनि व्यवसायिक ढंगले कृषि व्यवसाय गरिरहेको र टोल-छिमेकमा अरुलाई समेत व्यवसायिक ढंगले कृषि व्यवसाय गर्न उत्प्रेरित गर्ने व्यक्तिलाई नै कृषि अभियन्ता भनिने छ। कृषि अभियन्ताहरुको उपस्थितिमा वडा स्तरीय कृषक सञ्जालको गठन तथा पुनः गठन हुनेछ।

**१३) कृषि अभियन्ताको योग्यता**

कृषि अभियन्ताको योग्यता तपशिल बमोजिम हुनेछ।

१३.१) सामाजसेवी भावना भएको।

१३.२) व्यवसायिक ढंगले कृषि व्यवसाय गरिरहेको र अरुलाई समेत व्यवसायिक ढंगले कृषि व्यवसाय गर्न उत्प्रेरणा दिन सक्ने।

१३.३) सामाजिक सञ्जालसँगै इलेम-इन्टरनेट प्रयोग गर्न सक्ने।

१३.४) कम्तीमा २ बर्ष वैदेशिक रोजगारी वा बसाइँ सरेर नजाने प्रतिबद्धता जाहेर गरेको।

१३.५) समाजमा मिलेर बसेको वा अन्य सामाजिक काम गरिरहेको।

१३.६) १८ बर्ष पूरा गरी ६० वर्ष ननाघेको।

१३.७) कृषि अभियानमा समय दिन सक्ने।

**१४) कृषि अभियन्ताको परिचय-पत्र**

१४.१) यो कार्यविधि लागू भएपछि गठन हुने वडा स्तरीय कृषक सञ्जालका पदाधिकारीहरु स्वतः कृषि अभियन्ता घोषणा हुने भएको हुनाले उनीहरुलाई खोटेहाङ गाउँपालिकाको कृषि विकास शाखाले कृषि अभियन्ताको परिचय-पत्र (अनुसूची-४) उपलब्ध गराउने छ। वडा स्तरीय कृषक सञ्जालको पुनः गठन गर्दा पुरानो अभियन्ताको स्थानमा नयाँ व्यक्ति निर्वाचित वा मनोनित भै आएमा निजलाई कृषि अभियन्ता घोषणा गरी परिचय-पत्र उपलब्ध गराईने छ।

**१५) कृषि अभियन्ताको काम, कर्तव्य र अधिकार**

कृषि अभियन्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

१५.१) वडा स्तरीय कृषक सञ्जालमा पदाधिकारी भै काम गर्ने।

१५.२) वडा स्तरीय कृषक सञ्जालको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, निर्णय गर्ने तथा निर्णयलाई कार्यान्वय गर्न भूमिका खेल्ने।

१५.३) आफ्नो टोलमा कृषि तथा पशुपालन सम्बन्धि के कस्ता योजना आवश्यकता छ भन्ने कुरामा टोलका कृषकहरुसँग छलफल गर्ने, कृषकहरुको राय सल्लाहमा टोल विकास संस्थाको वैठक वा टोलको योजना छनौट गर्न डाकिएको आम भेलामा सक्रियरुपमा सहभागी भै टोलको कृषि तथा पशुपालन सम्बन्धि योजनाहरुलाई प्राथमिकतामा राख्न बहस पैरवी गर्ने ।

१५.४) आफ्नो टोलमा गठन भएको कृषक समूह तथा कृषि सहकारीहरुको बैठकमा उपस्थित हुने । आवश्यकता अनुसार बैठकमा गाउँपालिका तथा वडाले सारेको कृषि सम्बन्धि नीति र कार्यक्रहरु बारे सहभागीहरुलाई जानकारी गराउने । समूह तथा सहकारीहरुको सबल र कमजोर पक्षको विश्लेषण गरी कृषक सञ्जालको बैठकमा पेश गर्ने ।

१५.५) आफ्नो टोलमा कृषक समूह गठन भएको छैन भने समूह गठन गर्न उत्प्रेरित गर्ने तथा समूह गठन गर्न सहयोग पुर्याउने ।

१५.६) गाउँपालिका, कृषि ज्ञान केन्द्र, प्रदेश स्थित क्षेत्रीय कृषि निर्देशनालय एवं अन्य निकायहरुबाट कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुको माध्यद्धारा कृषि तथा पशुपालन सम्बन्धि कार्य गर्न निकालिएको अनुदान सम्बन्धी सूचनाहरु आफ्नो टोलका कृषक, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरुलाई दिने तथा आवेदन दिने प्रक्रियाहरुमा सहजीकरण गरिदिने ।

१५.७) आफ्नो टोलमा कृषिजन्य बाली वस्तु आदिमा रोग-किराको प्रकोप फैलिएमा कृषि तथा पशु विकास प्राविधिकहरुलाई समयमै सूचित गर्ने ।

१५.८) गाउँपालिका, वडा तथा कृषक सञ्जालले आफ्नो टोलमा कृषि सम्बन्धि कुनै कार्यक्रम आयोजना गरेको खण्डमा टोलका कृषकहरुसम्म सूचना पुर्याई भेलामा अधिकतम् कृषकहरुको सहभागिता गर्न भूमिका खेल्ने ।

१५.९) आफ्नो टोलका कृषकहरु, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुको तथ्याङ्क संकलन गर्ने, अधावधि गर्ने र कुनै निकायबाट तथ्याङ्क माग्दा उपलब्ध गराउने ।

१५.१०) आफ्नो टोलमा सञ्चालन भैरहेको कृषि सम्बन्धि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि भूमिका खेल्ने साथै अनुगमन गरी आवश्यक सुझाव तथा सरसल्लाह दिने ।

१५.११) आफू पनि व्यवसायिक कृषक बन्ने र अरुलाई पनि व्यवसायिक बन्न उत्प्रेरित गर्ने ।

१५.१२) तोकिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**१६) कृषि अभियन्ताको सेवा सुविधा सम्बन्धि व्यवस्थाः**

(१६.१) कृषि अभियन्ता आफैमा स्वयंसेवी भूमिका भएको हुनाले कुनै निश्चित तलबभत्ताको व्यवस्था हुने छैन । तर आफ्नो टोलमा कृषि सम्बन्धि महत्वपूर्ण भूमिका खेल्नु पर्ने र समय दिनु पर्ने भएको हुँदा वार्षिक रु ५ हजारले नघट्ने गरी प्रोत्साहन भत्ता प्रदान गर्न सकिने छ।

(१६.२) गाउँपालिका तथा वडाहरुले सञ्चालन गर्ने विभिन्न अभियान तथा कार्यक्रमहरुमा विशेष जिम्मेवारी निर्वाह गर्दाका बखत यातायात खर्चको व्यवस्था गर्न सकिने छ।

१६.३) कृषि अभियन्ताहरुको लागि गाउँपालिका तथा वडाहरुले समय समयमा आवश्यक तालिम तथा अध्ययन भ्रमणहरुको व्यवस्था गर्न सकिने छ।

१६.४) गाउँपालिकाद्धारा सञ्चालन हुने कृषि तथा पशुपालन कार्यक्रममा कृषि अभियन्ताहरुलाई सामेल हुन यो कार्यविधिले रोक्ने छैन । तर एउटै शिर्षकको कार्यक्रमा पुनः दोहोरिएर अनुदान लिन भने मिल्ने छैन ।

## परिच्छेद-४
## फोकल पर्सन सम्बन्धि व्यवस्था

**१७) फोकल पर्सन तोक्ने**

वडा स्तरीय कृषक सञ्जाल तथा कृषि अभियन्ताहरुको भूमिकालाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा गाउँपालिका स्तरीय कृषि विकास समितिमा रहेका सदस्यहरु मध्येबाट १ जना फोकल पर्सन तोक्न सकिने छ ।

**१८) फोकल पर्सनको काम कर्तव्य र अधिकार :**

फोकल पर्सनको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(१८.१) वडा स्तरीय कृषक सञ्जालको गठन तथा पुनः गठनमा भूमिका खेल्नु ।

(१८.२) वडा स्तरीय कृषक सञ्जालहरुको बैठकमा सहजीकरण गर्नु ।

(१८.३) वडा स्तरीय कृषक सञ्जालहरुले आफ्नो वडामा कृषि सम्बन्धि योजनाहरु छनौट गर्ने सिलसिलामा योजनाहरुको प्राथमिकीकरणमा सहयोग पुर्याउनु ।

(१८.४) वडा तथा टोलहरुमा सम्पन्न हुने कृषि सम्बन्धि योजना र अभियानहरुमा कृषि अभियन्ताहरुको भूमिकालाई प्रभावकारी बनाउन पहल गर्नु ।

(१८.५) पालिका स्तरीय कृषि विकास समिति र कृषक सञ्जालबीच पुलको काम गर्नु ।

**१९) फोकल पर्सनको सेवा सुविधा सम्बन्धि व्यवस्था**

(१९.१) फोकल पर्सन आफैमा स्वयंसेवी भूमिका भएको हुनाले कुनै निश्चित तलवभत्ताको व्यवस्था हुने छैन । तर कृषक सञ्जालहरुलाई सक्रिय बनाउन भूमिका खेल्नु पर्ने र समय दिनु पर्ने भएको हुँदा मासिक रु ५ हजारले नघट्ने गरी प्रोत्साहन भत्ता प्रदान गरिने छ ।

(१९.२) गाउँपालिका तथा वडाहरुले सञ्चालन गर्ने विभिन्न अभियान तथा कार्यक्रमहरुमा विशेष जिम्मेवारी निर्वाह गर्दाका बखत यातायात खर्चको व्यवस्था गरिने छ ।

१९.३) फोकल पर्सनको लागि गाउँपालिकाले समय समयमा आवश्यक तालिम तथा अध्ययन भ्रमणहरुको व्यवस्था गर्ने छ ।

## परिच्छेद-५
## विविध व्यवस्था

**२०) बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

**२१) प्रचलित कानून बमोजिम हुने**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

**२२) कार्यविधि संशोधन**

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

अनुसूची-१

निवेदन

श्रीमान कृषि शाखा प्रमुख,
खोटेहाङ गाउँकार्यपालिका,
खोटाङबजार-७,खोटाङ

बिषयः कृषक संजालको दर्ता गरी पाऊँ ।

मिति

महोदय,

उपरोक्त सम्वन्धमा हामी कृषक संजाल कार्यान्वयन कार्यवीधि, २०८० अनुसार वडा नं......को कृषक सञ्जाल विधिवत रुपमा गठन गरि यस खोटेहाङ गाउँपालिका कृषि शाखामा नियमानुसार दर्ता गर्न तपसिलको विवरण खुलाई निवेदन दिएका छौ।

तपसिलः-

| क्र.स. | समिति सदस्यको नाम | पद | योग्यता | जग्गा रोपनीमा | मुख्य बाली हरु | बार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

अनुसूची-२

कृषक सञ्जालमा रही सहयोग पुर्याउन चाहनेले भर्नु पर्ने सूचक पत्र

नाम :

उमेर :

ठेगाना

१. पारिश्रमिक नहुने यस कार्यसमितिमा निस्वार्थ स्वयंसेवी भावनाले कृषक संजालमा बसी सेवा गर्ने मन –

छ

छैन

२. हाल सम्म कुनै फौजदारी अभियोग लागेको – छ

छैन

३. हाल खेती गर्दै आएको

क. कुल जमिन :

ख. कृषि उत्पादन :

ग. पशु वा पंक्षीपालन :

घ. बार्षिक लगानी रु :

ङ.कुल आम्दानि रु :

४. वडा भित्र रहेका कृषि, खेती योग्य जमिन र पशुपंक्षी पालनको वारेमा कत्तिको जानकार छ ?

क. राम्ररी थाहा छ

ख. अलि अलि थाहा छ

ग. जानकारी छैन

५. तपाईले गाउँपालिका भित्र रहेका कुनै सार्वजनिक निकायलाई तिर्नुपर्ने दस्तुर वाँकी छ/छैन
(घरजग्गा कर, मालपोत, विद्युत, खानेपानी टेलीफोन आदी)

६. अगामी दुई वर्ष सम्म बसाईसराई/विदेश- जाने नजाने

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

अनुसूची-३

नमुना प्रमाण-पत्र

खोटेहाङ गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

कृषि संजाल दर्ता प्रमाण–पत्र

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

मिति :

खोटेहाङ गाउँपालिका अन्तर्गत कृषक संजाल कार्यान्वयन कार्यविधि २०८० अनुसार वडा नं. ..... को ........सदस्यीय पदाधिकारीहरू रहेको कृषक संजाल कार्यसमितिको आ.ब................देखि आ.ब...................सम्म (२ वर्षे कार्यकालको लागि) कार्यविधि अनुसार कृषक सञ्जाल कार्य संचालन गर्न हुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

| | |
|---|---|
| ........................ कृषि शाखा प्रमुख | ........................ प्रमुख प्रशासकीय अधिकृत |

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

अनुसूची-४

कृषि अभियान्ता परिचय -पत्र

फोटो

नाम :

जन्म मितिः

बुवाको नामः

लिङ्गः

नागरिकता नं.:

परिचय पत्र जारि गरेको मितिः

सकिने म्यादः

हस्ताक्षरः

परिचयपत्र स्वीकृत गर्नेको हस्ताक्षर

..............................

स्वीकृत गर्नेको हस्ताक्षर

उदिम बहादुर राई

गाउँपालिका अध्यक्ष

उदिम बहादुर राई

अध्यक्ष

खोटेहाङ गाउँपालिका